नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

## न्युनतम समर्थन मूल्यमा धान खरिदका लागि सहकारी संस्था सुचिकृत हुने सम्बन्धि सूचना

### सूचना प्रकाशित मितिः २०८२/०६/२९

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यकम, कार्यकम कार्यान्वयन एकाइ, कपिलवस्तुको कार्यक्षेत्रमा **"न्युनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७"** बमोजिम धान खरिद गर्न इच्छुक सहकारी संस्थाहरुले तपसिल बमोजिमका कागजात तथा विवरणहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात २०८२/०७/१२ गतेसम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुमा सूचिकृत गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>सुची दर्ता गर्दा पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः</u>

१. सूची दर्ता गरि पाउँ भनी रु. १० को टिकट टाँस गरेको निवेदन
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. सहकारी संस्थाको सेयर पुँजी र सहकारी संस्थाको कार्यक्षेत्र
५. खरिद गर्न चाहेको धानको परिमाण र किसिम
६. धान खरिद गर्न चाहेको स्थानिय तह र वडा समेत खुल्ने गरि इच्छुक क्षेत्र
७. धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत
८. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण
९. धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण
१०. धान खरिद बिक्रीको लागि आवश्यक पर्ने अन्य विवरण

नोटः धानको भण्डारण, सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागी प्रति क्विन्टलको रु.११२/- (एक सय बाह्र मात्र) रुपैयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान बापतको एकमुष्ठ रकम कार्यालयले सहकारी संस्थालाई उपलब्ध गराउने छ।